गोदावरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
३ नं. प्रदेश, नेपाल

# सहकारी नियमावली–२०७७

*खाली*

# गोदावरी नगरपालिका

बज्रवाराही, ललितपुर

**वागमती प्रदेश, नेपाल**

## सहकारी नियमावली, २०७७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गोदावरी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : क) यो नियमावलीको नाम "गोदावरी नगरपालिकाको सहकारी नियमावली, २०७७" रहेको छ ।

ख) यो नियमावलीतुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "संघीय ऐन" भन्नाले सहकारी ऐन २०७४ सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले गोदावरी नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

ग) "कर्जा" भन्नाले "चलअचल सम्पत्तिधितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, व्याज र हर्जानारकमलाई सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले संस्थाको सञ्चालक समितिलाई सम्झनुपर्दछ ।

ङ) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापकलाई सम्झनु पर्छ र सो शब्दले महाप्रवन्धक वा प्रमुख कार्यकारी अधिकृतलाई समेत जनाउँछ ।

च) "संस्थागत पूँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनु पर्दछ ।

छ) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी विभागका रजिष्टरलाई सम्झनु पर्दछ ।

ज) "दर्ता गर्ने अधिकारी" भन्नाले गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्था गठन, दर्ता तथा सञ्चालन

३. **संस्थाको गठन** :(१)ऐनको दफा ३ को उपदफा (३) बमोजिम **पेशागत सङ्गठनका**आधारमा संस्था गठन गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ ।

क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनु पर्नेछ ।

ख) संस्थाको कार्यक्षेत्र बढीमा एक स्थानीय तह सम्म राख्न सकिने छ ।

ग) एक जिल्लामा आफ्नो पेशागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्नेछ ।

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(३) एक सय जनाभन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरू कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा ३० (तीस) जनाको स्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम विद्यालय,विश्वविद्यालय वा सङ्गठित संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन् ।

(५) विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने एकै प्रकृतिको कुनै एकमात्र संस्थाको सदस्यता लिन सक्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन् ।

क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने,

ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरूलाई ऋण तथा सापटीको रूपमा परिचालन गर्ने,

ग) सदस्यहरूको बौद्धिक विकास, कला एवम् साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

(७) यस नियम बमोजिमका संस्थाको गठन तथा अन्य व्यवस्था नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(८) संस्था दर्ताका लागि अनुसूची (१) को ढाँचामा दरखास्तदिनुपर्नेछ साथै दरखास्त साथ निम्न बमोजिमका कागजात/अभिलेख संलग्न गर्नुपर्नेछः–

(क) अनुसूची (२) बमोजिम सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) अनुसूची (३) बमोजिम आवेदक सदस्यहरूको विवरण,

(ग) अनुसूची (४) बमोजिम व्यावसायिक कार्ययोजना,

(घ) अनुसूची (५) बमोजिम सदस्यहरूबाट उठेको शेयर र प्रवेश शुल्क वापत उठेको रकम बुझिलिएको भरपाइ,

(ङ) अनुसूची (६) बमोजिम तदर्थ सञ्चालक समितिका पदाधिकारीको विवरण,

(च) अनुसूची (७) बमोजिम स्वःघोषणा पत्र,

(छ) अनुसूची (८) बमोजिम अधिकार प्रत्यायोजन पत्र,

**४. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड :–**

(क) नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गरिनेछ ।

(ख) उपनियम (क) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा नगरपालिकाको हकमा सम्बन्धित नगरपालिका भित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(ग) उपनियम (क) र (ख) बमोजिमको मापदण्ड भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू तीन वर्षभित्र नियम ३५ बमोजिम एकीकरण भइसक्नु पर्नेछ ।

**५. दर्ताको प्राथमिकता** : संस्थाको दर्ताका लागि एकभन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ ।

६. **दर्ताको प्रमाण पत्र** : (१) ऐनको दफा ६ बमोजिम दर्ता भएको संस्थालाई दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले अनुसूची (९) को ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक स्थानीय तहमा मात्र कार्यक्षेत्र भएको संस्था भए त्यस्तो कार्यक्षेत्र रहेको स्थानीय तहको कानून बमोजिम, एक भन्दा बढी स्थानीय तहका कार्यक्षेत्र भएको संस्था भए सम्बन्धित प्रदेशको कानून बमोजिम र अन्तरप्रदेश कार्यक्षेत्र भएको संस्था भए संघीय ऐन र यस नियमावली बमोजिम दर्ता हुनुपर्नेछ । त्यसरी दर्ता भएपछि सम्बन्धित निकायलाई जानकारी दिनुपर्नेछ ।

७. **सहकारी संस्थाको कार्यक्षेत्रः–**(१) ऐनको दफा ९ उपदफा (१) को खण्ड (ख) बमोजिम संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक देखिएमा नगरपालिकाको क्षेत्रभरी हुनेछ ।एक स्थानीय तहसम्म हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाको आवेदकहरूको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिने छैन ।

३) ऐनको दफा ९ को उपदफा (३) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायको विशेष व्यावसायिक आवश्यकताको आधार लिनुपर्नेछः–

(क) उत्पादनको सङ्कलन, संचय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम परिमाण कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिंचाइ सुविधा, प्राविधिक रेखदेख, रोग व्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्रको विस्तार आवश्यक भएको तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिब स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

(४) ऐन तथा यस नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवम् सेवा विस्तारको लेखाजोखा गरिएको ।

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको ।

(ग) ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहारो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको ।

(घ) विनियम संशोधनको प्रक्रिया पूरा भएको ।

(५) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र कायम गर्ने प्रयोजनको लागि त्यस्ता संस्थाहरूले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा १८ को उपदफा (५) मा उल्लेखित विवरणहरूको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछः-

(क) मौजूदा कार्यक्षेत्रमा संस्थाका सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सचालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको प्रदेश, जिल्ला स्थानीय तह र वडा अनुसारको विवरण ।

(६) संघीय ऐनको दफा १८ को उपदफा (६) को खण्ड (क) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्रभरिकों गरी जम्मा सदस्य संख्याको पन्। प्रतिशत भन्दा कम सदस्य संख्या भएको हुनु पर्नेछ ।

(७) संघीय ऐनको दफा १८ को उपदफा (६) को खण्ड (ख) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी पाँच करोड रुपैयाँ वा जम्मा कारोवारको पन्। प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको हुनु पर्नेछ ।

स्पष्टीकरण : यस उपनियमकों प्रयोजनको लागि "कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनु पर्छ ।

८. **संस्थाको वर्गीकरणः-**(१) विषयगत आधारमा संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) उत्पादक संस्थाः कृषि, दुग्ध, चिया, कफी, उखु, जुनार, सुपारी, जडीबुटी, बीउविजन, मौरीपालन, तरकारी तथा फलफूल, पशुपन्छी

पालन र माछापालन विशेषका विषयगत र अगुवाबाली एवं उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था,

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, विद्युत, सचार र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) बचत तथा ऋणः बचत तथा ऋणको मात्र कारोबार गर्ने संस्था,

(घ) श्रमिक संस्थाः हस्तकला, खाद्यपरिकार,गैरखाद्य, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना लगायत अन्य श्रममा आधारित संस्था,

(ङ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग, बचत तथा ऋण र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने बहुउद्देश्यीय संस्था ।

(२) उपनियम (१)को खण्ड (क), (ख) र (ग) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतकों आधारमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ ।

९. **विषय परिवर्तन सम्बन्धी व्यवस्था** :(१) कुनै सहकारी संस्थाका सदस्यहरूले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य सख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही नगरपालिकाबाट निर्धारित शर्त र कार्यविधि पूरा भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

१०. **कारोबार, व्यवसाय उद्योग वा परियोजना सञ्चालनका आधार**(१) संघीय ऐनको दफा २१ को उपदफा (५)बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा संघले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय

बमोजिमको आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृंखला विकास, बजार पहुँच वा निर्यात प्रर्वद्धनको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कायम रहेको कुल सदस्य सख्याको बहुमतवाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इंजाजत पत्र लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा संघले तत् सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखि दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले पन्। दिनभित्र आवश्यक जाँचबुझ गरी सयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने जानकारी दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिएको जानकारीको दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(५) यस नियम बमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्ने संस्थाले रजिष्ट्रारले तोकेको

ढाँचामा नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**११. उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार** : (१) संघीय ऐनको दफा २१ को उपदफा (८) बमोजिम नगरपालिका भित्रका संस्थाले उत्पादन गरेका वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार तोकिएको कानुन बमोजिम हुनेछ ।

**१२. संस्थाको विनियम** : सहकारी संस्थाले विनियम बनाउँदा अनुसूची (१०) मा उल्लेखित विषयहरू समावेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

## सदस्यता

**१३. संघको सदस्यता**ः संघीय ऐनको दफा३३ को उपदफा (८) बमोजिम संघको सदस्यता लिंदा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछः–

क) विषयगत सहकारी संघको हकमा एकै तहको विषयगत संघमा दोहोरो नपर्ने,

ख) सम्बन्धित संघको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको ।

**१४. सदस्यताको समाप्ति** : (१)संघीय ऐनको दफा३४ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको अवस्था पुरा भएको हुनुपर्नेछः–

(क) सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा संचालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेश गर्न मनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१)को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेकों निर्णयमा चित्त नबुझ्ने सदस्यले दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी

समक्ष उजुरी गर्न सक्नेछ र तत् सम्बन्धमा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ३२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्वः घोषणा गर्न सूचना दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा संघीय ऐनको दफा३२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य सस्थाको ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले निरीक्षण वा अनुगमनको सिलसिलामा वा अन्य कुनै माध्ययमबाट संघीय ऐनको दफा ३२ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सदस्यले चाहेको कुनै एक मात्र संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र सोही निर्देशन बमोजिम सम्बन्धित संस्थाले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नु पर्नेछ ।

## परिच्छेद ४

## साधारण सभा

**१५. साधारण सभा सम्बन्धी विशेष व्यवस्था** :(१) ऐनको दफा २९ को उपदफा (६)मा उल्लिखित सदस्य सख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखि समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा सचालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाइमा रहेका बहुमत सदस्यहरूको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गरी कम्तीमा बहुमत सदस्यको निर्णय वमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न बिनियममा उल्लेख भए बमोजिमको संख्यामा प्रतिनिधि छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरूले साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न सक्नेछन् ।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरूका बीच मतैक्य हुन नसकेमा उपस्थित प्रतिनिधिहरूको बहुमतबाट भएको निर्णय बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछ ।

(क) संस्थाको कार्य क्षेत्रलाई बिभिन्न एकाईमा सदस्य संख्याको आधारमा बिभाजन गर्ने ।

(ख) सम्बन्धित एकाईमा रहेका सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या एकिन गर्ने

(ग) एकिन भएको सख्याको आधारमा प्रतिनिधि चयन गर्ने र

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाइमा रहेका सदस्यहरू बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरूको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था बिनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१६. समितिको बैठक** : (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ तर दुई बैठक बीचको अवधि पैतालीस दिन भन्दा बढी हुनु हुँदैन ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले,निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरू मध्येबाट चुनिएको सदस्यले गर्नेछ ।

(४) उपनियम (२) को अवधि भित्र बैठक नबोलाइएमा २५% सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन्।

(६) उपनियम (५) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरू मध्येबाट चुनिएको संचालकले गर्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नु पर्नेछ ।

(८) समितिको बैठकको गणपूरक संख्या समितिको तत्काल कायम रहेको कुल सदस्य संख्याको बहुमत सदस्य सख्या हुनेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार**ःऐनको दफा ३२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वियनको ब्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वियन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रीङ्ग) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरूको कार्यान्वियन गर्ने, गराउने

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लेखित अन्य कार्यहरू गर्ने ।

**१८. तदर्थ समितिको गठन : (**१) ऐनको दफा ३६ को उपदफा (१) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सचालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले सदस्यहरू मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछः-

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा वढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिकों सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा ३३ (तेत्तीस प्रतिशत) महिला हुनुपर्ने ।

**१९. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता** :ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) सम्बन्धित सहकारी सस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागु हुनेछैन ।

ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसंग सम्बन्धित तालिम लिएको ।

## परिच्छेद–५

## बचत तथा ऋणको परिचालन

**२०. सन्दर्भ ब्याजदरको आधार र प्रक्रिया** :ऐनको दफा ४० र संघीय ऐन, नियम बमोजिम हुनेछ ।

**२१. सदस्यको रकम फिर्ता** :(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनु पर्ने देहायको रकम सदस्यता त्याग गरेको ३ (तिन) महिना भित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनु पर्नेछः-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश वापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता वापतको रकम,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्था घाटामा गएको अवस्थामा संञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ ।

(३) संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याज सहित तुरुन्त फिर्ता दिनु पर्नेछ ।

तर आवधिक बचतको रकम निर्धारित अवधि पुरा नभई बचतकर्ताले विशेष कारण देखाई भुक्तानी माग गरेमा बाँकी अवधीको २% अतिरिक्त शुल्क लिई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद – ६
## कोष सम्बन्धी व्यवस्था

**२२. संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधारः**(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोबारको आधार लिनु पर्नेछः–

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई विक्री गरेको उपजको खरिद मून्य,

(ख) बचत तथा ऋण सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको बस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेखित आधार,

च) शेयर लगानी फिर्तामा मुनाफा ।

(२) उपनियम (१)को खण्ड (क)मा जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री विक्री गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन ।

(४) उपनियम (१) को खण्ड ख बमोजिम कोषको रकम वितरण गर्न बचत रकमको लागि चालिस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको कारोवारको संरक्षित पूँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्षीभित्र बितरण गरिसक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ ।

(७) संरक्षित पूँजी फिर्ता सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३. सहकारी प्रवर्द्धन कोष** :(१) ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा सहकारी संस्थाहरुले रकम जम्मा गर्नेछन् ।

**२४. अन्य कोष सम्बन्धी व्यवस्था** :(१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ वमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :-

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभाँश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) ऐनको दफा ७६ बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

**२५. अभिलेख** :(१)संघीय ऐनको दफा ७२ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको सम्बन्धित शाखाले तोकेको तरिका र ढाँचामा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेखीकरण तथा लेखापालन गर्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाता, बही तथा विवरण समेत राख्नु पर्नेछः-

(क) अनुसूची (३) बमोजिमको आवेदक सदस्यता दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरूका बैठकहरूको छुट्टा छुट्टै कारवाही किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवम् सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग अलग खाता तथा सहायक खाताहरू,

(ञ) हिसाब परीक्षण सूची, आयव्यय र स्थिति विवरण पत्र,

(ट) समय समयमा नगरपालिकाले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) पाँच करोड रुपैयाँभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा शाखाले तोके बमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण नगरपालिकाले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको हिसाबकिताब पृष्ठसुरक्षा (व्याकअप) ब्यबस्था सहित संरक्षण गर्नु पर्नेछ ।

## परिच्छेद ७

## छुट, सुविधा र सहुलियत

**२६. छुट, सुविधा र सहुलियत** : ऐनको दफा ५७ को उपदफा (२) बमोजिम संस्थालाई संघीय ऐनमा उल्लेख भए बाहेक देहायका छुट सुविधा र सहुलियत दिइने छ ।

(१) सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहाएको विवरण सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घरजग्गाधनीको नामनामेसी, घरजग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकवाट प्रमाणित वित्तीय बिवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना ।

२) उपनियम (१)बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारीले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद ८

## ऋण असुली तथा बाँकी बक्यौता

**२७. ऋण तथा बाँकी बक्यौता असुली :–** (१) ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ :–

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क)बमोजिम म्याद जारी गरिएकोमा म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराईएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम विक्री गर्दा धितोको बिवरण, निजले बुझाउनुपर्ने साँवा, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैंतीस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम विक्री गरी साँवा र ब्याजको रकम असुल उपर गरिने बारेको सूचना सम्बन्धित ब्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने,

तर लिलाम विक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्रि गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले लिलाम गर्दाको अवस्थाको अचल सम्पत्तिको पुनः चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्ने तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी डाँक बोल्ने ब्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्ने,

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउनेछैन ।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने ।

(२) उपनियम (१) बमोजिम लिलामबिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ ।

(४) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ । तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिनेछैन ।

**२८. लिलाम बिक्री स्थगित गर्न सक्ने :–** नियम २७ वमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम बिकी स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ ।

**२९. असुलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्ने :–** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा र ब्याजको रकम असुल उपर हुन नसकेमा ऐन तथा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २७ मा उल्लेखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असुलउपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा रब्याजको रकम असुलउपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र लिलाम बिक्रि गर्दा लागेको खर्च कटाई रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

**३०. बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने :–** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय ऐनको दफा१३५ मा उल्लेखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

**३१. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने :–**(१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइसक्नु पर्नेछ तथा सोम्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने र पुनः लिलाम बिक्रि बोलकबोलमाजानुपर्नेछ ।

(२) लिलाम सकार्ने ब्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजसमेत गरिदिनका लागि ३५ दिन भित्र सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**३२. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने :–** नियम २७ र नियम २९ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

**३३. जायजेथा फिर्ता दिनुपर्ने :–** नियम ३२ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा १ (एक) भित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज र लिलाम प्रक्रियासंग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई फिर्ता दिनु पर्नेछ ।

**३४) कालो सूची सम्बन्धी व्यवस्था** :(१) कर्जा सूचना केन्द्रले आफ्ना सदस्य रहेका सहकारी संस्थाहरूबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, ब्याज फिर्ता नगर्ने व्यक्तिको ऐनको दफा ५९ बमोजिम नगरपालिकाले नामनामेसी सहित कालोसूची प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कालोसूची प्रकाशन गर्दा कर्जा सूचना केन्द्रको निर्धारित मापदण्ड अनुसार सम्बन्धित सदस्य संस्थाबाट स-प्रमाण सहित प्राप्त सिफारिससहितको प्रतिवेदनको आधार लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कालोसूचीमा परेका व्यक्तिहरूको नाम निर्धारित मापदण्ड अनुसार सदस्य संस्थाहरूबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधारमा कालोसूचीबाट हटाउन सकिनेछ ।

## परिच्छेद ९

## एकीकरण, विघटन र दर्ता खारेज

**३५. सहकारी संस्थाको एकीकरण :-**(१) ऐनको दफा ६५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ :-

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवम् लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तहको क्षेत्रभित्र पर्ने गरी गर्नु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको पूर्व स्वीकृति बिना सम्वत् २०४९ साल जेठ २ गतेभन्दा अघि दर्ता भएका साझा (सहकारी)संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्नु हुँदैन ।

४) महिलामात्र सदस्य रहने संस्था महिलामात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ,

तर विशेष रूपमा पिछडिएका समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशिलतामा असर पर्ने गरी एकीकरण गरिने छैन ।

५) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया नगरपालिकाबाट तोकिएबमोजिम हुनेछ ।

**३६. संस्थाको विभाजन** : (१) ऐनको दफा ६५ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायम गर्दा देहायका शर्तहरू पूरा भएको हुनु पर्नेछः-

(क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सोको कार्यक्षेत्र स्थानीय तहको एक वडा भन्दा बढी भएको ।

(ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्यसञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको ।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृति अनुसार नियम ८ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ ।

(३) दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाहरूको एकीकरण वा विभाजनको सिलसिलामा नगरपालिकाको राय लिन सक्नेछ ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**३७. पूर्वसहमति लिनुपर्ने** :–नियम ३५ वा ३६ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैंक, वित्तीय संस्था वा दातृनिकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्वसहमति लिनु पर्नेछ ।

## परिच्छेद १०

## लिक्विडेशन सम्बन्धी व्यवस्था

**३८. लिक्विडेटरको नियुक्ति** :– (१) ऐनको दफा ६७ बमोजिम दर्ता गर्ने अधिकारीले आफु मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई दर्ता गर्ने अधिकारीले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**३९. लिक्विडेटरको काम, कर्तव्य र अधिकार** :–(१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साबिकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २७ र नियम २९ बमोजिम असुल उपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो संस्थाकै हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको बिरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुबै पक्ष बिचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचविखन गर्ने,

(झ) सरोकारवालाहरूसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

४०. **लिक्विडेशन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकार :–** नियम ३९ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता गर्ने अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :–

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) नियम ३९ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिने,

(ङ) नियम ३९ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवम् भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

४१. **दायित्व भुक्तानी** : (१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रमअनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछ :

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय ज तिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको लागि दाबी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारवाही हुनेछैन ।

४२. **लिक्विडेशन पछिको सम्पत्तिको उपयोग :–(**१) सहकारी संस्थाको लिक्विडेशन पश्चात नियम ४१ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछः–

(क) विघटित सहकारी संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ,

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले दर्ता गर्ने अधिकारीको सिफारिसमा नियम ४१ को उपनियम (१) अनुसार

खर्च गरि सकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम नगरपालिका मार्फत स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद ११
## बचत तथा कर्जा सुरक्षण

४३. **सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाः–** संघीय ऐनको दफा १०१ बमोजिम सहकारी बचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन गरिनेछ ।

४४. **आपसी सुरक्षण सेवा सञ्चालन ः–(**१) संघीय ऐनको दफा १०२ को उपदफा (२) बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्ने संस्थाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ ः

(क) संस्था दर्ता भएको कम्तीमा ३ (तीन) वर्ष पुगेको हुनुपर्ने,

(ख) विगत दुई वर्षदेखि संस्था नाफामा सञ्चालन भएको हुनुपर्ने,

(ग) सुरक्षण गरिने बाली नालीको खेती गर्ने वा बस्तुभाउ पाल्ने सदस्यको संख्या कम्तीमा १०० (एक सय) हुनु पर्ने,

(घ) जगेडा कोषमा कम्तीमा पचास लाख रुपैयाँ र घाटा पूर्ति कोषमा कम्तीमा पच्चीस लाख रुपैंयाँ हुनुपर्ने छ ।

(ङ) संस्थाले बचत परिचालन गरेको भए स्वीकृत कार्यक्षेत्रको सीमा भित्र नियमित प्रकृतिको बचत मात्र परिचालन गरेको हुनु पर्ने तथा शेयर पूँजी तथा संस्थागत पूँजी गरी जम्मा बचत दायित्वको कम्तीमा १० प्रतिशत पुगेको हुनु पर्ने,

(च) शेयर पूँजी कम्तीमा एक करोड रुपैंया हुनु पर्ने छ ।

(२) आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी अन्य व्यबस्था नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १२
## निरीक्षण तथा अनुगमन

४५. **नेपाल राष्ट्र बैंकले निरीक्षण तथा हिसाबकिताब जाँच गर्न सक्ने ः–** (१) ऐनको दफा ७१ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले नगरपालिका भित्र पचास करोड रुपैयाँ भन्दा बढीको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसाबकिताब जाँच गर्न, गराउन सक्नेछ ।

(२) रजिष्ट्रारले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण वा हिसाब जाँच प्रतिवेदनका सिफारिसहरूको कार्यान्वयनको व्यबस्था मिलाउनेछ ।

**४६. निरीक्षण तथा अनुगमन सम्बन्धी बिशेष व्यबस्थाः-** (१) ऐनको दफा ७३ बमोजिम बचत तथा ऋणको मुख्य कारोवार गर्न देहायका सहकारी संस्थाको हकमा देहाय बमोजिम नगरपालिका, नेपाल राष्ट्र बैक, बिभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्न ब्यबस्था मिलाइनेछः-

(क) स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका पाँच करोड रुपैयाँ भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामक निकायको तर्फबाट,

(ख) स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्रका पच्चिस करोड रुपैयाँ भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र बिभागको तर्फबाट,

ग) पचास करोड रुपैयाँ भन्दा बढी बचत दायित्व भएको सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभाग तथा नेपाल राष्ट्र बैंकका तर्फबाट,

तर पचास करोड रुपैयाँ भन्दा बढी कारोबार भएका जुनसुकै सहकारी संस्थाको बिभागबाट सघन अनुगमन गर्न बाधा पर्नेछैन।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले पचास करोड रुपैयाँ वा सो भन्दा बढी रकमको बचत दायित्व भए संघीय नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र र सो भन्दा घटी रकमको बचत दायित्व भए तीन वर्ष भित्र सहकारी विभागले प्रयोगमा ल्याएको एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भैसक्नु पर्नेछ ।

(३) सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीको क्षेत्र लगायतमा विभागले तोकेका मानकहरूको पालना गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको सूचना प्रणाली समेतका आधारमा विभागले उपनियम(३) बमोजिम तोकिएका मानकहरूको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ ।

५)	यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था नगरपालिकाबाट स्वीकृत कार्यबिधि बमोजिम हुनेछ ।

(६)	उपनियम (५) बमोजिम कार्यबिधि स्वीकृत गर्दा नगरपालिकाले नेपाल राष्ट्र बैंकको परामर्श लिन सक्नेछ ।

**४७.	वार्षिक प्रतिवेदनमा समावेश हुनु पर्ने विवरण :–**ऐनको दफा ७४ को उपदफा (२) मा उल्लेखित विवरणको अतिरिक्त दर्ता गर्ने अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १४

## विविध

**४८.	स्थिरीकरण कोष सम्बन्धी ब्यबस्था :–**बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् । यस्तो कोषको स्थापना, सञ्चालन, संघीय ऐनको दफा १०३ बमोजिम हुनेछ ।

**४९.	छुट, सुबिधा र सहुलियत प्राप्ति :– (**१) संघीय ऐनको दफा ७८ को उपदफा (३), (४), (५) र (९) मा उल्लेखित छुट सुबिधा र सहुलियत प्राप्ती सम्बन्धी प्रकृया नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

(२)	संघीय ऐनको दफा ७८ को उपदफा (६) र (८) बमोजिमको छुट, सुबिधा र सहुलियत नगरपालिकाको सिफारिसमा प्राप्त हुनेछ ।

(३)	ऐनको दफा ७८ को उपदफा (७) बमोजिमको छुट, सुबिधा र सहुलियतको प्राप्ती बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(४)	उपनियम (२) र (३) बमोजिम छुट, सुबिधा र सहुलियत प्राप्तका लागि सिफारिस गर्ने शर्त, आधार र प्रक्रिया नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

**५०.	दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः–** १)	ऐनको दफा ६९ र ७० मा उल्लेख भए बमोजिम दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क)	सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाण पत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफनो कार्य सञ्चालन गर्न बनाएको बिनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्य क्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमित रुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) संस्थाहरूले लेखापरीक्षण गरे, नगरेको नियमित अनुगमन गरी निर्धारित अवधि भित्र लेखापरीक्षण नगराउने संस्थाहरूको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामिण महिला, फरक वा विशेष शारीरिक क्षमता भएका व्यक्ति, मुक्त कमैया, हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतिपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्यश्रृंखला विकास एवं तत्सम्बन्धी अन्तर सहकारी कारोबारका आयोजनाहरूलाई सहयोग पुऱ्याउने ।

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्यमान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन दिने,

(ञ) ऐन तथा यस नियमावली अर्न्तगत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारबाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

(ठ) निष्कृय अवस्थामा रहेका साझा सहकारी संस्थाहरूलाई सक्रिय बनाउन आवश्यक कार्य गर्ने,

(ङ) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा विक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ढ) ऐन तथा यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा नगरपालिकाबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

२) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५१. समस्याग्रस्त संस्थाको व्यवस्थापन :- (**१) ऐनको दफा ७७ बमोजिम संस्था समस्याग्रस्त भएको घोषणा भएमा सो को व्यवस्थापन गर्न देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्न नगरपालिका समक्ष दर्ता गर्ने अधिकारीले सिफारिस गर्ने छन् र सो समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(२) **व्यवस्थापन समितिको गठन** : (१) ऐनको दफा ७७ बमोजिम कुनै संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गरिएकोमा त्यस्तो समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न नगर कार्यपालिकाले देहाय बमोजिमको एक व्यवस्थापन समिति गठन गर्नेछ ।

(क) जिल्ला अदालतको न्यायाधीश वा सो सरहको पदमा योग्यता पुगेको व्यक्तिहरू मध्येबाट नगर कार्यपालिकाले नियुक्ति गरेको व्यक्ति - अध्यक्ष

(ख) जिल्ला सहकारी सङ्घले तोकेको सञ्चालक प्रतिनिधि एकजना - सदस्य

(ग) सहकारी क्षेत्रका विज्ञहरूमध्येबाट नगर कार्यपालिकाले मनोनीत गरेको एक जना - सदस्य

(घ) बैंक तथा वित्तीय संस्थाको कम्तीमा नवौं तह वा सो सरहको पदमा वा चार्टर्ड एकाउण्टेण्ट भई बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेका व्यक्तिहरूमध्येबाट नगर कार्यपालिकाले मनोनीत गरेको एक जना - सदस्य

(ङ) दर्ता गर्ने अधिकारी वा निजले तोकेको अधिकृत - सदस्य सचिव

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्षको हुनेछ र नगर कार्यपालिकाले आवश्यकता अनुसार निजहरूको पदावधि बढीमा दुई वर्ष थप गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा नगर कार्यपालिकाले उपदफा (२) को अधीनमा रही पूर्ति गर्नेछ ।

(७) यस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३). **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ।

(ख) समस्याग्रस्त संस्थाको समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बन्धित अन्य संस्था, सङ्घ वा कम्पनीका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने ।

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने ।

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने ।

(ङ) समस्याग्रस्त संस्थाको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने ।

(च) समस्याग्रस्त संस्थाले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रकृया अवलम्बन गरी असूल गर्ने ।

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने ।

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने ।

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने ।

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने ।

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने ।

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने ।

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने ।

**५२) प्रतिनिधि पठाउन सकिने** : १) संघीय ऐनको दफा १३६ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संघको बिनियममा ब्यबस्था भए बमोजिम सदस्य संस्थाको सदस्य संख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ ।

२) उपनियम (१) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने एक जना प्रतिनिधि तोकी पठाउनु पर्नेछ ।

**५३) अन्तर सहकारी कारोबार** : १) ऐनको दफा ९४ बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनु पर्नेछ ।

२) संघले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य श्रृृत्ला विकाससँग सम्बन्धित अन्तरसहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

३)	अन्तरसहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लीड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवम् बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सचालन गर्न सक्नेछन् ।

४)	सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत् आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तरसहकारी कारोबार गर्न सक्नेछ ।

५)	बचत तथा ऋणसम्बन्धी अन्तरसहकारी कारोवारको हकमा सम्बद्ध सहकारी संस्थाहरूलेसम्बन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिका समेत निर्दिष्ट गरी नगरपालिकाले तोकेको मापदण्ड पालना गर्नु पर्नेछ ।

६)	अन्तरसहकारी कारोबार सम्बन्धी व्यवस्था नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

**५४)	समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने** : १) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

२)	यो नियम प्रारम्भ हुँदाका बखत उपनियम (१) मा उल्लेखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा र सहकारी संस्थाको नियमन गर्ने निकायमा रहेछ भने यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति वा लेखा सुपरीवेक्षण समिति वा त्यस्तो निकायमध्ये कुनै एकबाट अलग हुनु पर्नेछ ।

**५५)	मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्था** : संघीय ऐनको परिच्छेद १८ बमोजिम समस्याग्रस्त संस्थाको सम्बन्धमा व्यवस्थापन समितिले गरेको निर्णय वा काम कारबाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सो को प्रतिरक्षा नगरपालिकाको कार्यालयवाट खटिएको कानुन व्यवसायीबाट हुनेछ ।

**५६)	विवाद निरूपण समितिको गठन** : १) संघीय ऐनको दफा १४३ बमोजिमको विवाद निरूपण समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगरप्रमुख वा निजले तोकेको व्यक्ति
संयोजक

ख) सम्बन्धित विषयगत वा जिल्ला सहकारी संघको प्रतिनिधि-सदस्य

ग) दर्ता गर्ने अधिकारी वा निजले तोकेको नगरपालिकाको अधिकृत
सदस्य सचिव

२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक एक प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

३) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

**५७) प्रोत्साहन गर्ने व्यवस्था** : (१) संघीय ऐनको दफा १४४ बमोजिम नगरपालिकाले वार्षिक कार्यक्रममा व्यवस्था गरी व्यक्ति सहकारी संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार वा दुबै गरी सम्मान वा पुरष्कृत गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा व्यक्ति, सहकारी संस्था वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी स्वीकृत गर्नुपर्नेछ ।

३) उपनियम (१) बमोजिम प्रोत्साहनयोग्य व्यक्ति, सहकारी संस्था वा निकायको छनौट गर्न नगरपालिकामा एक समिति रहनेछ ।

४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ ।

**५८) जानकारी दिनुपर्ने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघ वा प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले प्रदेश वा स्थानीय तहमा कार्यालय, सेवा केर्न्‍ वा अन्य माध्यमवाट सेवा सञ्चालन गर्दा प्रदेश वा स्थानीय तहमा जानकारी दिनु पर्नेछ ।

२) उपनियम (१)बमोजिमका सहकारी संस्थाहरूको विवरण सम्बन्धित स्थानीय तहले प्रदेशमा र प्रदेशले विभागमा पठाउनु पर्नेछ ।

**५९) अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : नगरपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

**६०) बचाउ** : सहकारी नियमावली, २०४९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची (१)

## (नियम ३ को उपनियम (८) सँग सम्बन्धित)

## दर्ता दरखास्तको ढाँचा

मिति : २०... । ... । ...

श्री..........................................

....................................

कार्यालय

विषय : **सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम

(ख) ठेगाना

(ग) उद्देश्य

(घ) मुख्य कार्य

(ङ) कार्य क्षेत्र

(च) दायित्व

(छ) सदस्य संख्या १) महिला.......... जना २) पुरुष..........जना

(ज) प्राप्त शेयर पूँजीको रकम : रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम : रु....

**आवेदकहरूको तर्फबाट**

नाम :

हस्ताक्षर :

पद :तदर्थ सञ्चालक समितिका अध्यक्ष

प्रस्तावित............सहकारी संस्था लि.।

## अनुसूची (२)

## (नियम ३ को उपनियम ८ (क) सँग सम्बन्धित)

## सम्भाब्यता अध्ययन प्रतिबेदनको ढाँचा

१) परिचय :

२) संस्था गठन गर्नु पर्नाको कारण :

३) सदस्यताको जनसाङ्ख्यिक आधार :

४) सहभागिताको औचित्य :

५) व्यावसायिक सम्भाब्यता :

५.१) सदस्य केनीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान :

५.२) सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू :

५.३) कारोबारबाट हुने वचतको प्रक्षेपण :

६) पूँजी आवश्यकता र श्रोत :

६.१) आवश्यकताको अनुमान :

६.२) श्रोत

६.३) पूँजी परिचालनका तर्कसम्मत आधारहरू :

७) बजार विश्लेषण :

७.१) नजिकको बजार :

७.२) टाढाको बजार :

७.३) प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरू :

८) कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औधित्य :

९) पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण :

१०) महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११) जनशक्ति व्यवस्था

१२) संस्थाको विकास र स्थायित्वका आधारहरू ।

## अनुसूची ३.

## (नियम ३ को उपनियम ८ (ख) र नियम २५ को उपनियम (२) को खण्ड (क) संग सम्बन्धित)

## आवेदक सदस्यहरूको विवरण फारामको ढाँचा

| सि. नं. | बाजेको नामथार | बाबुको नामथर | पति वा पत्निको ामथर | आवेदकको नामथर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं | औठा छाप | फोटोर फोटोमा पर्ने गरी सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिशेयर रकम रु | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूची ४
## (नियम ३ को उपनियम (८) को खण्ड (ग) सँग सम्बन्धित)
## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्था/संघ/बैकको नाम :

ठेगाना :

**क. उद्देश्य :**

१.................

२.........................

३.................................

**ख, कार्यहरू :**

१.............................

२.................................

३...............................

४.......................................

५..................................

**ग) आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण :**

**१) सदस्यता विस्तार लक्ष्य**

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य (संघ/संस्था) संख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| जम्मा सदस्यमा दलित | | | | |

## २) ब्यसायिक सेवा बिस्तार लक्ष्य

| बिवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य(संघ/संस्था)संख्या | | | | |
| परिमाण | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य(जना) | | | | |
| सदस्यसंघ/सस्थालाई बस्तु वा सेवा बिक्रि | | | | |
| परिमाण | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य(जना) | | | | |
| सदस्य (सस्थाका सदस्य)लाई रोजगारीको अवसर सृजना<br>–प्रत्यक्ष पुर्णकालिन(जना)<br>–अप्रत्यक्ष पुर्णकालिन (वर्षमा २०८०घन्टाको १जनाको हिसावमा जम्मा जना) | | | | |
| सदस्य(संस्थाका सदस्य)लाई ऋणसेवा(बार्षिक)<br>–रकम रु<br>–जना | | | | |
| –सदस्य(संस्थाका सदस्य)लाई बचतसेवा(मौज्दात)<br>–रकम रु<br>–जना | | | | |

**सहकारी गतिबिधि बिस्तार लक्ष**

| बिवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा(बार्षिक जना) | | | | |
| गाउँ/टोल/उपक्षेत्रिय सदस्य बैठकहरू आयोजना(बार्षिक पटक) | | | | |
| सामूदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ) पूँजिको श्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कै. |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पूँजी तर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| चालु पूँजी तर्फ (मौज्दात मालसामान, उधारो बिक्री,नगद मौज्दात आदी) | | | | |
| ऋण लगानी तर्फ | | | | |
| जम्मा | | | | |
| श्रोत | | | | |
| शेयर पूँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य(...............) | | | | |
| सदस्यको बचत( सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

**कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

**ङ) सञ्चालक समितिको जिम्मेवारी**

१
२
३
४

**च) गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी**

१
२
३
४

**छ) लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी**

१
२
३
४

**ज) व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी**

१

२

३

४

**झ) प्रत्येक सदस्यको जिम्मेवारी**

१

२

३

४

ञ) कार्ययोजनाबाट सदस्य (संस्थाका सदस्य)हरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

ट) कार्यान्वयन प्रगतिको समीक्षा एवम् जवाफदेही स्थापना बिधि

## अनुसूची ५

## (नियम ३ को उपनियम (८) को खण्ड (घ) सँग सम्बन्धित)

## भर्पाइको ढाँचा

प्रस्ताबितं........................सहकारी संस्था लिमिटेडको तदर्थ सञ्चालक समितिका..................श्री........................आगे उक्त सहकारी संस्था लिमिटेडका सदस्यहरूको .............प्रारम्भिक भेलाको मिति.................को निर्णय बमोजिम प्रति शेयर रु ..............का दरले........जना बाट जम्मा.........कित्ताको हुन आउने जम्मा रकम रु................(अक्षरुपी रुपैयाँ...............मात्र) र प्रबेश शुल्क प्रतिब्यक्ति रु............का दरले हुन आउने रु..........(अक्षरुपी..............मात्र)गरी जम्मा रु..............( अक्षरुपी...........मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैक खाता खाली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझि लिई यो भर्पाइमा सहिछाप गरी..........कार्यालयमा पेश गरेको छु ।प्राप्त रकम हाल मेरो ..............मा रहेको ........हिसाव नं..........मा जम्मा गरी बैक भौचर दाखिला गरेको छु ।उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफनै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कार्वाही भएमा मेरो मञ्जुरी छ ।

इतिसम्बत २०...साल ....महिना...गते रोज.... शुभम्।

## अनुसूची ६
## (नियम ३ को उपनियम (८) को खण्ड (ङ) सँग सम्बन्धित)
## तदर्थ सचालक समितिका सदस्यहरूको विवरण फारामको ढाँचा

| सि. नं. | बाजेको नामथर | बाबुको नामथर | पति वा पत्नीको नामथर | सञ्चालकको नामथर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठाछाप | फोटो रफोटोमा पर्नेगरी सहिछाप | सम्पर्क नं | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची ७
## (नियम ३ को उपनियम (८) को खण्ड (च) सँग सम्बन्धित)
## स्वःघोषणा पत्रको ढाँचा

प्रस्तावित श्री.......................सहकारी संस्था लि.दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानून सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक सामाजिक उत्थान गर्ने कार्य कारण बाहेक अन्य कुनै कार्य कारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व घोषणा गर्दछौं । हामी आवेदकहरू कोही पनि

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- वैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/बैङ्कको कानून बमोजिम कालोसूचीमा परेका व्यक्ति हैनौ
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौ,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका ब्यक्ति होइनौ र
- सहकारी दर्शन,सिद्धान्त,मूल्य, मान्यता र कानुन बमोजिम स्वाबलम्बन र पारस्परिक्ताको भावनाबाट आफनो बहु आयामिक विकासको लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौ ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने

| सि.नं. | आवेदकको नामथर | नागरिकता नं र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं | सहिछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ८

**(नियम ३ को उपनियम (८) को खण्ड (छ) सँग सम्बन्धित)**

**अधिकार प्रत्यायोजन पत्रको ढाँचा**

मिति : २०..............।

श्री रजिष्ट्रारज्यू

............................

**विषय : अधिकार प्रत्यायोजन ।**

महोदय,

यस प्रस्तावित...................सहकारी संस्था/संघ/बैक लि. को मिति २०...........। मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका......................... श्री.......................... श्री......................... र......................श्री............................. समेतलाई अधिकार प्रत्यायोजन गरिएको ब्यहोरा अनुरोध गर्दछौं । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| **सि.नं** | **नामथर** | **ठेगाना** | **पद** | **दस्तखत नमूना** |
|---|---|---|---|---|
| १ | श्री............ | | | |
| २ | श्री.......... | | | |
| ३ | श्री.......... | | | |

**आवेदकहरूको**

| **सि.नं** | **नामथर** | **ठेगाना** | **सहिछाप** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

द्रस्टव्य : अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

## अनुसूची ९
### (नियम ६ संग सम्बन्धित)

### गोदावरी नगरपालिका
### बज्रबाराही, ललितपुर
### बाग्मती प्रदेश

### दर्ता प्रमाण–पत्र

दर्ता नं. :

सहकारी ऐन,.................को दफा............................... बमोजिम श्री.......... ........................................ लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण पत्र प्रदान गरिएको छ ।

वर्गीकरण....................

दर्ता गरेको मिति

दस्तखत

दर्ता गर्ने अधिकारीको नाम :

पद :

कार्यालयको छाप :

## अनुसूची १०
### (नियम १२ सँग सम्बन्धित विनियममा उल्लेख गर्नुपर्ने विषयहरू)

**प्रस्तावना**

१. संक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८.	सदस्यताको योग्यता
९.	सदस्यताका लागि निवेदन र प्राप्ति
१०.	सदस्यताको अन्त्य
११.	सदस्यको निष्कासन
१२.	सदस्यताबाट राजीनामा
१३.	पुनः सदस्यता
१४.	सदस्यको काम कर्तव्य र अधिकार
१५.	सदस्यता खुला रहने
१६.	सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने
१७.	शेयर पूँजी
१८.	सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
१९.	थप शेयर खरिद गर्न सक्ने
२०.	शेयर फिर्ता वा हस्तान्तरण
२१.	प्रवेश शुल्क
२२.	कृत्रिम छेकवार नलगाइने
२३.	शेयर प्रमाण पत्र
२४.	सदस्यको दायित्व सीमित हुने
२५	प्रारम्भिक साधारण सभा
२६.	वार्षिक साधारण सभा
२७.	विशेष साधारण सभा
२८.	साधारण सभाको बैठक
२९.	साधारण सभाको काम कर्तव्य र अधिकार
३०	साधारण सभाको निर्णय अनिवार्य हुने
३१.	टोल/ उपक्षेत्रीय बैठक
३२.	टोल /उपक्षेत्रीय बैठकका कार्यहरू
३३.	टोल/ उपक्षेत्रीय बैठकको कार्यव्यवस्था
३४.	सञ्चालक समिति

३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व शृङ्खला
३९. अध्यक्षको काम कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्त
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पूँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत सङ्कलन गर्न सक्ने/ नसक्ने
५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋण वाहेकको प्रयोजनमा वचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनु पर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबार नगरिने

६२.	कारोबारको लेखा
६३.	खातावही
६४.	आन्तरिक हिसाब जाँच
६५.	वार्षिक हिसाब जाँच
६६.	विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७.	अन्य आधारभूत कागजात
६८.	एकीकृत सूचना प्रणालीमा आवद्धता
६९.	दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन
७०.	वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७१.	साधारण सभामा जानकारी गराउनुपर्ने
७२.	हकवालाको मनोनयन
७३.	हकदाबी वा नामसारी
७४.	निर्वाचन
७५.	शपथ ग्रहण
७६.	एकीकरण वा विभाजन
७७.	कार्यान्वयन अधिकारी
७८.	मध्यस्थता
७९.	समानता र समता
८०.	विनियम संशोधन
८१.	साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२.	व्याख्या गर्ने अधिकार
८३.	ऐन नियमावलीसँग वाभिएकोमा अमान्य हुने ।